# नेपाली संस्कृतिमा प्रचलित पूर्णकलशको ऐतिहासिक विवेचना
# Historical Analysis of Purnakalash in Nepalese Culture

डा. सन्ध्या खनाल पराजुली

लेख सङ्कलन
२०७९-०५-०५

समीक्षकबाट प्राप्त
२०७९-०५-१०

स्वीकृत
२०७९-०५-१५

## लेखसार

जल प्राण वाहिनी शक्ति हो । पवित्रताको प्रतीक हो । जल बगेको, जमेको वा पात्रमा संकलन गरिएको जस्तो स्वरूपमा रहे पनि सो पवित्र मानिन्छ र मानवसँग विभिन्न रूपमा प्रतक्ष सम्बन्ध राख्दछ । जलले भरिएको कलशलाई पूर्णकलश भनिन्छ । नेपाली समाज र संस्कृतिमा पूर्णकलशको अत्यन्त ठूलो महिमा रहेको पाइन्छ । पूर्णकलश प्राचीन कालदेखि नै हाम्रो घर घरमा पूजिएको, टोल टोलमा स्थापना गरिएको, मन्दिरमा स्थापना गरिएको, जात्रापर्वमा तिनलाई यात्रा गराइएको तथा बासस्थानका मूल द्वारमा अंकित गरिएको पाइन्छ । यसरी पूर्णकलश दैनिकी जीवन, संस्कृति, संस्कार, जात्रापर्व, परम्पराको प्रमुख अङ्ग बनेको पाइन्छ । हालसम्म नेपाली संस्कृतिमा पूर्णकलशको प्राचीनता, अर्थ, महत्त्व तथा यसको स्थान बारेमा विस्तृत खोजी हुन सकेको छैन । यसै पृष्ठभूमिमा नेपाली संस्कृतिमा पूर्णकलशको प्रयोग कहिलेदेखि भयो? नेपाली संस्कृतिमा यसको प्रयोग के कस्तो स्वरूपमा भएको छ र कस्तो महत्त्व छ? नेपाली कला तथा लोक परम्परामा पूर्णकलशको के कस्तो स्थान छ? भन्ने प्रश्नको उत्तर खोज्ने उद्येश्यले यस अध्ययन गरिएको हो । यो अध्ययन मूलतः अन्वेषणात्मक प्रकृतिको गुणात्मक र ऐतिहासिक अध्ययन भएको हुँदा आवश्यक तथ्यहरू पुरातात्त्विक, ऐतिहासिक स्रोतहरू तथा संस्कृतिमा प्रचलित परम्परागत प्रचलनबाट संकलन गरिएको छ । नेपाली संस्कृतिमा पूर्णकलशको महत्त्वको अध्ययनका निम्ति पुरातात्त्विक स्रोत, ऐतिहासिक मठ, मन्दिर, दरबार, चोक चोकमा अवस्थित मूर्तिकला, कलाको अध्ययन, प्राचीन कालदेखि परम्परागत रूपमा चलि आएको उपासना पद्धति, संस्कारका परम्परागत विधि, जात्रापर्व आदिको अन्वेषण, अवलोकन, अर्न्तवार्ता गरी तथ्य संकलन गरिएको छ । यस बाहेक, वेद, उपनिषद्, पुराण आदि धार्मिक साहित्य, पूर्व प्रकाशित पुस्तक, लेख, आदिबाट तथ्य संकलन गरिएको छ । यी तथ्यहरूलाई आधार बनाई अध्ययन गर्दा नेपाली संस्कृतिमा पूर्णकलश श्री लक्ष्मी, पूर्णता, संवृद्धि, पवित्र अमृत तत्त्वको रूपमा रही प्राचीन काल नै परम्परागत नेपाली संस्कृतिमा दैनिक उपासना गरिने देवताको स्वरूपमा, विशेष अनुष्ठान पर्वमा आव्हानित देवीदेवताका रूपमा, मानिसलाई संस्कारित गराउने पवित्र तत्त्वको रूपमा, जात्रापर्वमा देवीदेवताका

प्रतीकका रूपमा साथै शुभ, मङ्गल तत्त्वको रूपमा नेपाली धर्म, संस्कार, संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेको तथ्य प्रकाशमा आएको छ ।

**Abstract**

Water is an essential component of life. It is a symbol of purity. Water in any form, whether it is flowing, frozen or collected in a pot or vessel is considered as a pious object. The pot filled with water is known as Purna Kalashthe use of which has long history and significance in Nepalese society and culture in several ways. Purna Kalash is worshiped daily in houses;it is also found established in town, installed in shrines, monastries and on occasions carried in several Jatrasor festivals. Purna Kalashis also found kept outside the main door of a house on several auspicious occasions. In this way, Purna Kalashis a part of daily life and culture and traditional practices of Nepal. But the antiquity of the usage of Purna Kalash in Nepalese culture, its meaning, its importance is not studied yet. In this context, an effort has been made in this article to look into the antiquity of the usage of Purna Kalash the pattern of its usage, its importance, symbolism, art and folk culture in Nepal. This is qualitative study based on historical facts and documents. Thus the facts are collected from archaeological findings, images, artifacts installed in shrines, town and traditional practices practiced by Nepalese through exploration, observation, interview and use of secondary sources such as literature. After the analysis of the collected data, it is revealed that Purna Kalashalso used in symbolic form of shree Lakshmi, fulfillment, abundance, piousness, elixir. With great value they are worshiped daily in a house as god/goddess, are worshiped as specially invited diety during the festival like Dashain, as an object of purifier during performing each and every sanskara, as a representation of god during the Jatras and as an object that brings good fortune. Kalasha is kept outside the main door of a house during special occasions. Thus, Purna Kalash is an essential part of Nepalese culture.

**शब्द कुञ्जिका:** पूर्णघट, उदककुम्भिनी, महाकुम्भ, घटस्थापना, समावर्तन

## लेख परिचय

प्राणीको जीवन जल, पृथ्वी, अग्नी, वायु आकाश जस्ता पञ्चतत्त्वमा अडेको छ। धर्म, संस्कृति तथा संस्कारको मूल आधार यी नै हुन्। यिनैको आढमा सृष्टिको निरन्तरता चलिरहेको छ। पञ्चतत्त्व मध्यको एक तत्त्व जल हो। जलका विविध भेद छन्। त्यसो त जल बगेको, जमेको वा संकलन गरिएको जस्तो सुकै स्वरूपमा रहे पनि प्राणीको जीवन र मानव संस्कृतिसँग यसको अन्योन्याश्रीत सम्बन्ध रहेको पाइन्छ। विशेषतः जल संकलनको निम्ति निर्मित तल्लो भाग गोलाइसहित फैलिएको, मध्य भाग केही साँघुरो लामो हुँदै गई माथिल्लो भागमा

सानो खुल्ला मुखसहितको पात्रलाई कलश भनिन्छ । जलले भरिएको यस्तो कलशलाई पूर्णकलश, पूर्णघडा वा पूर्णघट भनिन्छ । पूर्णकलशको हाम्रो समाज र संस्कृतिमा विशेष अर्थ र महत्त्व छ । कलश सुन, चाँदी, तामा, पित्तल, काँस आदि धातुबाट, माटो वा प्रस्तरबाट निर्माण गरिएको पाइन्छ । कलशमा जलको अलावा अन्न आदि राखी धनधान्यको प्रतीक मानी पूज्ने चलन छ । यस्ता पवित्र कलशलाई अन्नपूर्ण भनिन्छ । कलशमा रत्न, द्रव्य वा सुवर्ण द्रव्य आदि राखिएमा तिनलाई श्री लक्ष्मीको प्रतीक मानिन्छ ।

प्रागऐतिहासिक कालदेखि नै विश्वव्यापी रूपमा पुरातात्विक स्थलहरूको उत्खनन् गर्दा प्रचुर मात्रामा माटाका घडाहरू पाइएका छन् । मानव सभ्यताको विकाससँगै घडा जल, अन्न आदि संचय गर्न तथा संस्कारसित सम्बन्धित रहेको पाइएका छन् । सिन्धुघाँटी सभ्यतामा पाइएका विविध आकारका घडा र तिनमा अंकित माछा, हरिण, सिंह, चरा, पिपलको पात, रेखा चित्र आदिले घडा दैनिक प्रयोगका लागि निर्माण गरिएको, कला व्यक्त गर्ने शसक्त माध्यम रहेको तथा विशेषतः मृत्यु संस्कारसँग सम्बन्धित रहेको पाइएका छन् (Sengupta, 2016) । वैदिक साहित्यमा जलले भरिएको घडा तथा सोमले भरिएको घडाको वर्णन पाइन्छ । यस्ता जल तथा सोमले भरिएको घडा यज्ञ वेदीमा अग्नी जस्तै देवीदेवताको आव्हान गरिने माध्यय रहेको बुझिन्छ । वैदिक साहित्यहरूमा मानवको जन्म अघि गरिने संस्कारदेखि मृत्युसम्मका संस्कारहरूमा पूर्णकलश महत्त्वपूर्ण छ । समुन्द्र मन्थनको क्रममा निस्किएको अमृतघट पिएर देवताहरू अमर बनेको प्रसङ्गको वर्णन पुराणहरूमा पाइन्छ ।

नेपालको तराई क्षेत्र तथा उपत्यकाका विभिन्न स्थानमा उत्खनन् गर्ने क्रममा कयौं सङ्ख्यामा काँचो तथा पोलिएका, साधा तथा ज्यामितीय रेखाचित्र अंकित माटाका घडाहरू पाइएका छन् । नेपाली समाज, धर्म तथा संस्कृतिमा वैदिक एवम् पौराणिक साहित्यको अत्यन्त प्रभाव पाइन्छ । पुस्तौ पुस्तादेखि हस्तान्तरण हुँदै आएका पूर्णकलशसँग जोडिएका संस्कृति हाम्रो धर्म, कला, संस्कार र संस्कृतिसित जरो गाडेर बसेको छ । यसका विभिन्न आयाम हात्तीद्वारा पूर्णकलशले अभिषेक गरिएको प्राचीनकालीन गजलक्ष्मीको प्रतिमा, राष्ट्रिय छाउनीमा प्रदर्शित मानव शिर सहितको घडा आदिले पुष्टि गर्दछन् । नित्य देवीदेवताको उपासना गर्दा, विशेष माङ्गलिक कार्य गर्दा वा देवीदेवताको विशेष उपासना गर्दा पूर्णकलशमा उपासना गर्ने परम्परा छ । उपत्यकाका कतिपय देवीदेवता पूर्णकलशका रूपमै देवालय, टोल टोलमा स्थापना भई उपासना गरिदैं आएका छन् । कलशलाई नै मूल देवी देवताको प्रतीक मानी तिनको जात्रा गरिने चलन छ । प्राचीन साहित्यमा वर्णित कतिपय संस्कार हाम्रो समाजबाट हराउँदै गए तापनि हामीले गर्दै आएका जन्मदेखिको मृत्यु अघि सम्मका सबै संस्कारहरूमा अग्नी तथा विध्न हर्ता गणपतिको उपासना साथै पूर्णकलशको स्थापना, उपासना र त्यसैले स्नान गर्नु पर्ने परम्परा छ । मृत्यु संस्कारमा पनि घडाको उतिकै महत्त्व रहेको छ । उपत्यकाका कयौं देवीदेवताले आयुधका रूपमा पूर्णकलश लिएका छन् । त्यस्तै मठ, मन्दिर, देवल, विहार, राजदरबार आदि बास्तुकलाका विभिन्न अङ्गमा पूर्णकलश प्रयोग गरी तिनलाई कलात्मक साथै प्रतीकात्मक रूपमा पवित्र बनाइएका छन् । घर बाहिर यात्रा गर्दा पूर्णकलशलाई मङ्गल वा साइत मानिने प्रचलन अझै छ । यसरी पूर्णकलशको विविध महत्त्व रहे पनि यसबारेमा विस्तृत अध्ययन भएको पाइदैन । त्यसैले नेपालमा पूर्णकलशको प्रयोगको प्राचीनता, यहाँको संस्कृतिमा पूर्णकलशको प्रयोग र महत्त्व तथा नेपाली कला र लोक परम्परामा पूर्णकलशको स्थानबारे खोजी गर्ने प्रयास यस लेखमा गरिएको छ । यिनै आधारमा यस अनुसन्धानात्मक लेखको समस्या कथन तथा उद्येश्य निम्न लिखित रहेका छन ।

## समस्या कथन

नेपाली संस्कृतिमा पूर्णकलशको प्रयोगको प्राचीनताबारे अध्ययन नहुनु

नेपाली संस्कृतिमा पूर्णकलशको प्रयोग के कस्तो स्वरूपमा भएको छ र यसको कस्तो महत्त्व छ खोजी नहुनु
नेपाली कला र लोक परम्परामा पूर्णकलशको स्थानबारे छलफल नहुनु

## अध्ययनको उद्येश्य

नेपाली संस्कृतिमा पूर्णकलशको प्रयोगको प्राचीनको अध्ययन गर्नु नेपाली संस्कृतिमा पूर्णकलशको प्रयोग तथा महत्त्वको खोजी गर्नु नेपाली कला र लोक परम्परामा पूर्णकलशको स्थानबारे छलफल गर्नु

## अनुसन्धान विधि

अनुसन्धानको स्वरूपको दृष्टिकोणले यस अध्ययनकार्य अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो। विषयको दृष्टिकोणले भने यो एक ऐतिहासिक अध्ययन हो । त्यसैले यस अध्ययनका लागि तथ्यहरू गुणात्मक र ऐतिहासिक विशेषतायुक्त आवश्यक पर्दछन्। यस अध्ययनका लागि आवश्यक तथ्य प्राथमिक स्रोत तथा द्वितीय स्रोतहरूबाट संकलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत कतिपय तथ्यहरू पुरातात्विक उत्खनन् गरिएका स्थलहरूबाट, मठ, मन्दिरमा स्थापना गरिएका कला, बास्तुकलाको अन्वेषण तथा अवलोकन गरेर तथा तस्वीर संकलन गरेर गरिएको छ । त्यस्तै सामान्य जनजीवनका घर घरमा गरिने नित्य पूजामा, विशेष तिथिपर्वमा गरिने पूजामा तथा जात्रापर्वमा गरिने कलशको प्रयोगसम्बन्धी अवलोकन गरेर गरिएको छ । यसका लागि विद्वान पण्डित, मठ, मन्दिरका पूजारी, जात्रा संचालक गुठीयार तथा विज्ञहरूसँग अर्न्तर्वाता लिई आवश्यक तथ्य संकलन गरिएको छ। द्वितीय स्रोत अर्न्तगत वेद, उपनिषद्, पुराण, देवीदेवता उपासना विधिका ग्रन्थ, पूर्व प्रकाशित पुस्तक, जर्नल, पत्रपत्रिका, सामाजिक सञ्जाल, प्रकाशित अप्रकाशित किंवदन्ती, आख्यान, परम्परागत विश्वासलाई समेटेर गरिएको छ ।

यस अध्ययन घर घरमा दैनिक रूपमा गरिने देवी देवताको उपासना, विशेष तिथि पर्वमा गरिने उपासना, मठ, मन्दिरमा गरिने जात्रापर्व, संस्कार तथा लोक संस्कृतिमा केन्द्रित रहने हुँदा भौगोलिक रूपमा काठमाडौं उपत्यकाका केही आवासीय घर, मठ, मन्दिर, विहार जहाँ कलशलाई प्रधान देवता मानी उपासना गरिन्छ वा देवताको प्रतीक कलश जात्रा गरिन्छ, त्यस्ता देवालय, जात्रालाई मूल आधार बनाई उद्धेश्य मूलक नमूना छनौट विधिअन्तर्गत आवश्यक नमूना छनौट गरी अध्ययन गरिएको छ । तथ्यहरूबाट प्राप्त नतिजालाई विश्लेषणात्मक ढङ्गबाट विवरणात्मक रूपमा व्याख्या गरिएको छ ।

## पूर्णकलश प्रयोग संस्कृतिको ऐतिहासिकता

नवपाषाण युग मै भारतवर्षमा कृषिबाट उत्पादित अन्न संग्रहका लागि हातले बनाइएका माटाका घडाहरू पाइएका छन् । सिन्धुघाटी सभ्यतामा कुम्हालेहरूले चक्रद्वारा माटाका भाँडा, कलश/घडा बनाई भट्टीमा पोल्ने गर्दथे । विशेष गरी यस्ता कलशहरू फूलपात, पशु पंछी, माछा, चरा, ज्यामितीय आकृतिले सजिएको

पाइएका छन् । सिन्धुसभ्यतामा पाइएका भाँडावर्तनहरू मध्ये केही कलश देवीदेवताको उपासना तथा अन्त्यष्ठि संस्कारसँग सम्बद्ध रहेको पाइएका छन् । सिन्धुसभ्यताको उत्खनन् गर्दा पाइएको नरिवल आकृतिको दानादार बुट्टासहितको कलश मातृदेवीको उपासनासँग सम्बन्धित रहेको भनाइ अग्रवालको रहेको छ । त्यस्तै हरप्पामा क्षेत्रमा शमसानको उत्खनन गर्दा पाइएका ९.५ इन्चदेखि लिएर २३.५ इन्च सम्मका घडा शव कलश वा धातु गर्भित घडा रही तिनमा ज्यामितीय रेखा चित्र, मयुर, पशु आदिको चित्र अंकित छन् (अग्रवाल, १९७७) । सिन्धुसभ्यतामा देवीदेवताको उपासना गर्न कलशको प्रयोग हुनुका साथै मृत्यु संस्कार गर्दा मृत्यु पश्चात् अर्को लोकमा पनि जीवनमा उपभोग गरेका वस्तु आवश्यक पर्ने हेतुले शवसँगै कलश गाड्ने प्रचलन रहेको देखिन्छ । सिन्धुसभ्यताको उत्खनन्को क्रममा रजत कलश प्राप्त भएको थियो, यो धार्मिक कार्यका निम्ति भएको अनुमान गरिएको छ शास्त्री, १९८९) । वैदिक साहित्यमा कलशको प्रसस्त चर्चा साथै प्रयोग पाइन्छ । यी साहित्यहरूमा कलश, कुम्भ, उदक कुम्भ (ठूलो कलश), द्रोण कलश (काठको ठूलो कलश), भद्र कलश को वर्णन छन् । ऋग्वेदको ३, ३२, १५, ६, ३७, ३, ८, ४८, २ लगायत अन्य कयौं सूक्तमा इन्द्रादि देवताहरूलाई सोम रसले आव्हान गरिएको छ (लुईटेल, २०७६) । सोम रस पूर्णकलशमा राखिन्थे । वेदमा सोमलाई अमर रस वा मिठो रसको संज्ञा दिइएको छ । यस अर्थमा वैदिक युगमा सोम नै जलको पर्याय रही सोही पूर्णकलशमा देवी देवताको आव्हान गरी उपासना गरिएको पाइन्छ । त्यस्तै ऋग्वेद २, ३२, १५ मा पवित्र जलले भरिएको कलश देवराज इन्द्रलाई समर्पित गरिएको छ । ऋग्वेद १.१९१.१४ मा उदकंकुम्भिनी शब्दको उल्लेख छ, जसले पूर्णकलश लिई शोभा यात्रामा निस्किएकी सौभाग्यवती स्त्री वा माङ्गलिक चिन्हलाई जनाएको छ (लुइटेल, २०७६) । यजुर्वेद १९.८७ मा नारीको गर्भलाई कुम्भसँग तुलना गरी कुम्भ रूपी गर्भले अन्न रूपी गर्भ धारण गरी पितृऋणबाट मुक्त वा पितृगणलाई तृप्त पार्ने वर्णन गरिएको छ (उपाध्याय, २०७२) । यजुर्वेद जस्तै अर्थववेद १९.५३.३ मा पनि पूर्णकलशलाई नारीको गर्भसँग तुलना गरी यसले जगतको सम्पूर्ण प्राणीको सृष्टिको रहस्यलाई व्यक्त गर्ने बताइएको छ (पाण्डेय, १९९६) ।

उपनिषद्हरूमा वर्णित *‘पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते’* (ईशोपनिषद् शान्तिपाठ) ले ब्रह्म पूर्ण छ, यो कार्य जगत पनि पूर्ण छ । यही पूर्णबाट त्यो पूर्णको उत्पत्ति भएको हो । त्यसैले त्यो पूर्णबाट पूर्ण निकाल्दा पनि फेरि पूर्ण नै शेष रहने अर्थ लाग्दछ । यसलाई अझ व्यापक रूपमा हेर्दा विराट विश्व महाकुम्भ वा महाकलश हो, मानव शरीर पूर्णघट वा पूर्णकलश हो । यी दुबै पूर्णताको सूचक हुन् । यी समष्टिबाट पूर्ण निकाल्दा पुनः पूर्ण नै रहने बताइएको छ (राणा, मिति नभएको: ७) । यसरी मानव शरीरलाई ब्रह्मरूपी महाकुम्भको अंश पूर्णकुम्भ मानिएको छ । ललितविस्तरमा मायादेवीको उद्यान यात्रामा पूर्णकुम्भ सहितको यात्राको उल्लेख छ । यस्तो यात्रा अष्टकन्या सहित हुन्थ्यो जुन राजकीय शोभा यात्राको प्रमुख अंग मानिन्थ्यो । अश्वघोष विरचित बुद्धचरित्रमा कलशमा जल लिएर पुष्प आदिले पूजा गर्दै तथागतलाई जेतबन प्रदान गरिएको उल्लेख पाइन्छ (जोशी, २०३३) । रामको राज्याभिषेकमा अयोध्या दरबार पूर्णकलशहरूले सजाइएको थियो, साथै उदकंकुम्भिनी कन्याहरू थिए । पुराणमा पूर्णकलश वा अमृतघटको उत्पत्ति समुन्द्र मन्थनको क्रममा भएको व्याख्या गरिएको पाइन्छ । क्षीर सागरमा मदानीको रूपमा रहेको मन्दराचल पर्वतमा शेषनागको डोरी बनाई समुन्द्र मन्थन गर्दा चन्द्रमा, लक्ष्मी, उच्चैश्रवा घोडा, कौस्तुभमणि, पारिजात, कालकुट विषका साथै अमृतघट प्रकट भयो । अमृत दानवहरूको हातमा परेको कारण विष्णुले मोहिनी रूप धारण गरे, जो प्रति दानवहरू मुग्ध हुँदा विष्णुले अमृतघट हात पारी देवताहरूलाई दिए । अमृत पान गरी देवताहरू अमर भएका थिए (मत्स्यपुराण, २०७०) । यसै समयदेखि पूर्णकलश अमृतको तत्त्वको पर्याय बन्यो । प्राचीन

भारतीय कलामा मौर्य कालदेखि पूर्णकलशको प्रयोग जल र कमलको समन्वयसहित कला, बास्तुकलामा देखाउन थालिएको पाइन्छ । कुषाणकालीन बास्तुकलाका खम्बामा पूर्णकलश अंकित कला नासिक, मथुराका बास्तुकलामा भेटिन्छ । पूर्णकलशलाई अष्टमङ्गलमध्येको एक मङ्गल चिन्ह मान्ने प्रचलन पनि कुषाणकालदेखि नै प्रचलित रहेको थियो । कुषाणकालीन राजा कनिष्कको मुद्रामा कलश अंकित गरिएको पाइन्छ (सरकार, १९६५) ।

## नेपाली संस्कृतिमा पूर्णकलशको प्रयोगको प्राचीनता

नेपालको तराइ क्षेत्र लुम्बिनी, कपिलवस्तु, वञ्जरहीको उत्खनन् गर्दा कयौं सङ्ख्यामा माटाका भाँडा वर्तनसँगै घडाहरू पाइएका छन् । यस्ता घडाहरू सादा तथा कतिपयमा विभिन्न ज्यामितीय चिन्ह अंकित छन् । यस्ता घडाहरू अन्न भण्डार, धार्मिक कार्य तथा खेलौनाका रूपमा प्रयोग गरिएको देखिन्छ । नेपाली कलामा विशेष गरी श्री लक्ष्मीलाई पूर्णकलशले अभिषेक गरेको देखाउने परम्परा साथै स्वतन्त्र रूपमा पूर्णकलशको निर्माण गरी उपासना गर्ने चलन अत्यन्त प्राचीन रहेको पाइन्छ । पाटनको च्यासल टोलमा रहेको इशापूर्व पहिलो शताब्दीको गजलक्ष्मीको मूर्तिमा लक्ष्मीलाई कमलको फूलमाथि टेकेका दुई हात्तीहरूले पूर्णकलशले अभिषेक गरी रहेका छन् । पशुपति आर्यघाटमा अवस्थित शेषशायी विष्णुका साथमा रहेकी श्री लक्ष्मीलाई नागका फणाले रक्षित नागिनीहरूले पूर्णकलशले अभिषेक गरिरहेका छन् (वाङ्देल, २०३९) । यसरी नेपाली कलामा पूर्णकलशको प्रयोग इशापूर्व र ईश्वीको शुरुवाती कालमै भएको स्पष्ट हुन्छ । त्यस्तै नक्साल चारढुङ्गेमा प्राप्त भई हाल छाउनीस्थित राष्ट्रिय संग्रहालयमा प्रदर्शित मनुस्यको मुखाकृति सहितको घडा सर्वप्राचीन पूर्णकलश/अमृतघट

रही चौथो शताब्दीको मानिएको छ (वाङ्देल, २०३९) । यस कलशलाई लिच्छविकालदेखि प्रसस्त मात्रामा स्वतन्त्र रूपमा बनेका पूर्णकलशको असाधारण सर्वप्राचीन नमूना मानिएको छ । लिच्छविकालमा निर्मित पूर्णकलशको स्वतन्त्र नमूना काठमाडौं उपत्यकाका विभिन्न चैत्य, मठ, मन्दिर, चोक, ढुङ्गेधारा आदिमा देख्न सकिन्छ । काठमाडौंको हाँडीगाउँमा अवस्थित राजा मानदेवका नाति भारवीद्वारा सन्. ५५० मा निर्मित ढुङ्गेधारा प्राङ्गणमा स्तम्भमाथि फूल पातसहित स्थापित पूर्णकलश रहेको छ । काठमाडौंको चावहिलस्थित धन्धो चैत्य तथा तुँक बहालको प्राचीन चैत्यको आधार वरिपरि विभिन्न आकृतिका साथ पूर्णकलशको आकृति देख्न सकिन्छ, जुन लिच्छविकालीन मानिएको छ । राजा मानदेवद्वारा लाजिम्पाट तथा तिलगङ्गामा स्थापित विष्णुविक्रान्तका दुई मूर्तिहरू *'लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं'* अर्थात् भवन सहित स्थापना गरेको कुरा अभिलेखमा उल्लेख छ (वज्राचार्य, २०३०) । यी दुबै मूर्तिहरू रहे पनि देवल आज हामी सामु छैनन् । लक्ष्मीको वासस्थल कमल हो, जुन जल माथि फुल्दछ । कमलको आसन माथि निवास गर्ने लक्ष्मीलाई पूर्णघटको प्रतिबिम्ब मानिएको छ (अग्रवाल, १९७७) । अभिलेखमा लक्ष्मीले निवास गरेको कमल स्वरूपको भवन भनी वर्णन गरिएबाट प्राचीन कालमा सो देवल कतै कुम्भको आकारमा थिएन? उक्त कुरा विचारणीय देखिन्छ । लिच्छविकालीन अभिलेखको शीरोभागमा धार्मिक चिन्ह अंकित गरी श्रद्धा व्यक्त गर्ने चलन थियो । यसै क्रममा राजा शिवदेवको बुढानिलकण्ठको सं. ५१७ को अभिलेखमा, अंशुवर्माको सं. ३० को हाँडीगाउँको अभिलेख त्यस्तै अंशुवर्माकै टिष्टुङ्गको अभिलेखमा पूर्णकलश अंकित गरिएका छन् (जोशी, २०३०) । त्यस्तै लिच्छविकालमा निर्मित पशुपति मुद्रामा पूर्णकलश अंकित गरिएको पाइन्छ । भगवान बुद्ध जन्मिए पश्चात् उनलाई नागराज नन्द र उपनन्दले उभिएर चिसो र

तातो जलधाराले बोधिसत्वको स्नान गराएको वर्णन ललितविस्तरमा गरिएको छ (पौड्याल, २०५७)। ग्रन्थमा वर्णित कथावस्तुलाई मूर्तिमा यर्थाथ चित्रण गर्ने नेपाली मूर्तिकलाको विशेषता अनुरूप देउपाटन जयवागेश्वरी सुन्धाराबाट ल्याई हाल छाउनीस्थित राष्ट्रिय संग्रहालयमा राखिएको बुद्ध जन्म अंकित मायादेवीको प्रतिमामा दुई देवपुत्रहरूले पूर्णकलशबाट भगवान बुद्धलाई जलाभिषेक गरी रहेका छन्। काठमाडौंको इन्द्रचोकमा अवस्थित वंघ तथा जैशीदेवलस्थित नघल लिच्छविकालको उत्तरार्धमा निर्माण भएको मानिन्छ। यसरी लिच्छविकालको प्रारम्भदेखि नै पूर्णकलशको प्रयोग विविध कलामा प्रचुर मात्रामा गरिएको पाइन्छ। यो क्रम मध्यकालसम्म पनि निरन्तर चलिरहेको पाइन्छ। कुनै पनि धार्मिक अनुष्ठान वरुण देवताको प्रतीक पूर्णकलश स्थापना नगरी पूर्ण हुँदैनन्। लिच्छविकालमा मानविहार, राजविहार, कैलाशकूट भवन, भद्राधिवास दरबार जस्ता बास्तु तथा कयौं ढुङ्गेधाराहरू स्थापना गरिएका अभिलेखीय प्रमाण पाइन्छन्। लिच्छविकालमा बास्तु निर्माण गरिने विधि तथा जात्रापर्व संचल विधि सम्बन्धमा कतै केही उल्लेख पाइदैन। पूर्वमध्यकालमा देउपाटनस्थित सुन्धारा जीर्ण हुँदा राजा जयस्थिति मल्लले राजल्लदेवीको नाममा जीर्णोद्वार गरी रेमशी कपडाले ढाकिएको पाँच कलशले जलोत्सव गरी सुन्धारा प्रतिष्ठा गरेको अभिलेखीय प्रमाण छ (वज्राचार्य, २०६८)। मध्यकालीन शाषकद्वाहरू द्वारा कुप/कुवा, गृह, देवालय आदि प्रतिष्ठाको क्रममा गरिएका हवनादी विवरणहरूमा कलश शोधन, कलशार्चन, कलशको जलले स्नान गरेका प्रसस्त उदाहरण पाइन्छन् (राष्ट्रिय अभिलेखालय, २०६९)। यस्तो प्रचलन प्राचीनकालमा अवस्य रही यसैले मध्यकालमा पनि निरन्तरता पाएको अनुमान गर्न सकिन्छ। लिच्छविकालमा जस्तै मध्यकालकालका कयौं अभिलेखको शिरोभागमा पूर्णकलश अंकित गरिएका छन्। यसै कालमा राजा योगनरेन्द्र मल्ल, राजा भूपतीन्द्र मल्लका लगायत अन्य शासकका कयौं मुद्राहरूमा पूर्णकलश अंकित गरिएको पाइन्छ। मध्यकालमा पूर्णकलश नै देवी देवताका प्रतीकका रूपमा गुह्येश्वरी, भक्तपुरस्थित वत्सलेश्वरी आदि मन्दिरमा स्थापना गरिएका छन्। पूर्णकलशलाई कतिपय देवीदेवताको प्रतीकको रूपमा जात्रा गर्ने चलन मध्यकालमा शुरुवात भई हालसम्म पनि निरन्तर चल्दै आएका छन्।

## नित्य, नैमित्यिक देवताको उपासना र माङ्गलिक कार्यमा पूर्णकलशको प्रयोग र महत्त्व

घर-घरमा गरिने नित्य पूजा, तिथि पर्वमा गरिने नैमित्यिक पूजा वा देवी-देवतका नाममा गरिने विशेष माङ्गलिक अनुष्ठानमा दियोको स्थापना, विध्नहर्ता गणपतिको उपासना तथा कलशको स्थापना र उपासना नगरी कुनै पनि धार्मिक अनुष्ठान कार्यको शुरुवात हुँदैन। वराहपुराणमा पूजा उपचार विधिमा जलको महिमाको वर्णन गर्दै जल घट नभइ कुनै पनि देवीदेवताको पूजोपासना नहुने उल्लेख छ। पूर्णकलश पृथ्वी, अन्तरिक्ष, आकाशको प्रतीक हुँदा यिनको स्पर्श मात्र पनि सारा पाप नाशक रहेको वर्णन छ (वराहपुराण, २०७३: १९०)। पूर्णकलशको उपासना गर्दा गरिने मन्त्रोच्चारणले तीन लोक मात्र नभई समस्त देवीदेवता तथा ब्रह्माण्ड नै कलशमा समाहित हुने देखिन्छ। *कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः। मूले त्वस्य स्थितो ब्रह्मा, मध्ये मातृगणाः स्मृताः। कुक्षौ तु सागराः सर्वे, सप्तद्वीपा वसुन्धरा। ऋग्वेदोऽथ यजुर्वेदः सामवेदो ह्यथर्वणः। अंगैश्च सहिताः सर्वे कलशन्तु समाश्रिताः।* (शास्त्री, २००५: ७६) अर्थात् कलशमा ब्रह्मा, विष्णु, रुद्र, सम्पूर्ण मातृकागण, सप्त सागर, सप्त द्विप, सप्त भूमि, चार वेद समाहित हुन्छ। यसरी पूर्णकलश पूर्ण ब्रह्माण्डको प्रतीक रही यसलाई सम्पूर्ण देवीदेवताको आवास गृह मानिएको छ। पूर्णकलशलाई जलका देवता वरुणदेवको रूपमा पनि उपासना गरिन्छ। वरुण पानीका अधिपति रही उनको निवासस्थल सागर हो। ऋग्वेदमा वरुणको सम्बन्ध स्वर्गसँग रहेको बताइएको छ। वैदिक ब्रह्माण्ड विज्ञानअनुसार जलको वास्तविक आवास स्वर्ग हो। यद्धपि स्वर्ग तथा

पृथ्वीको पानी समान हुन् र वरुणको सम्बन्ध यी दुबैसँग देखाइएको छ (डण्डेकर, १९७९) । यसरी कलशको अर्चनाले वरुण रूपी स्वर्ग, पृथ्वी तथा सम्पूर्ण सागरको उपासनालाई पनि प्रतिनिधित्व गर्दछ । अर्को तर्फ श्री लक्ष्मी तथा अमृत तत्त्वको सम्बन्ध पूर्णकलशसँग रहेको छ । कलशमा जल भरेर त्यसमा आँप, पिपल, वर, चाँप, पुष्प, कमल पुष्प राखी सिङ्गार्ने गरिन्छ । कलशको मुख वरिपरि लहराउने आँप, वर, पिपल आदिका पात, फूललाई जीवनको नाना विधी आनन्द तथा उपभोगसँग तुलना गरिएको छ (अग्रवाल, १९७७) । यस्ता पात, फूल, कमलले सम्वृद्धि साथै सृष्टिलाई संकेत गर्दछ । नारीको गर्भलाई पूर्णकलशसँग तुलना गरी तिनले जन्म दिने शिशुलाई कमल मानिएको छ । यस आधारमा कलशमा राखिने कमल सृष्टिको प्रतीक हो । पूर्णकलश माथि जटासहितको नरिवल राखेर पनि पूजा गर्ने परम्परा छ । कलशमा स्थापित नरिवलाई, कलशको शिर, धनधान्य तथा श्री प्राप्तिको प्रतीक मानिने कुरा कर्मकाण्ड गराउने पण्डितहरू बताउँछन् । नेवार समुदायमा हरेक संस्कार वा माङ्गलिक कार्य गर्दा सुकुन्दाको अनिवार्य प्रयोग गरिन्छ । सुकुन्दा माङ्गलिक कार्यका निम्ति अत्यावश्यक मानिने दियो, कलश तथा गणेशको प्रतिनिधित्व हो । सु को अर्थ सुन्दर तथा कुन्दा कुण्डको अप्रभंश हो । त्यसैले सुकुन्दाले सुन्दर कुण्ड वा जल रूपी कलशलाई बुझाउँछ (दीप, २०५२) । यद्धपि यसमा जल नभई तेल रहने गर्दछ, जसलाई *सुमिचा* मार्फत दिपमा राख्ने राखिन्छ । सुकुन्दालाई नेवार संस्कृतिको अभिन्न अङ्ग मानिएको छ । अर्को तर्फ हाम्रो संस्कृतिमा दानको त्यतिकै महत्त्व छ । विविध वस्तुका दानहरूमध्ये घट दान वा जल दानलाई पौराणिक साहित्यहरूमा अत्यन्त पुण्य दान मानिएको छ । वैशाख महिनाको शुक्लपक्षको तृतीया तिथि अर्थात् अक्षय तृतीयामा गरिने घट दानलाई मत्स्यपुराणमा महादान भनिएको वर्णन गरिएको छ (मत्स्यपुराण, २०७०: १६१) । यस दिन गरिएको जल वा सर्वतसहितको घडा दान अत्यन्त पुण्य तथा अक्षय हुने यसै पुराणमा वर्णन छ । यसो त विविध प्रकारका धार्मिक कार्य एवम् मृत्यु संस्कारमा जलले भरिएको घट दान गर्ने परम्परा यद्धपि छ ।

नित्य पूजाको अलावा विविध तिथि पर्वमा वा विशेष देवीदेवताका नाममा गरिने धार्मिक अनुष्ठान एवम् यज्ञमा अग्नी, कलश तथा विध्नहर्ता गणपतिको पूजा गरिन्छ । साथै पूर्णकलशलाई सकल्पित देवीदेवताको प्रतीक मानी कलशमा देवी देवताको आव्हान गरेर उपासना गरिन्छ । कलशका प्रत्येक अङ्गलाई लक्षित देवीदेवताको अङ्ग मानी आव्हान गर्दै सकल देवको प्रतीक स्वरूप तिनलाई वस्त्र, अंलकारले श्रृंङ्गार गरेर, मेवा मिष्ठान्नद्वारा भोजन गराइ सेवा सत्कार गरेर उपासना गर्ने गरिन्छ । यस विधिको बारेमा देवीदेवताका अर्चना पद्धति, उपासना पद्धति, नित्य कर्म विधि आदि ग्रन्थहरूमा वर्णित छन् । सप्ताह, महायज्ञ, सत्यनारायण पूजा, लक्ष्मी पूजा, नवरात्र वा दशैंको पूजा यस्तै विधि विधानले गरिन्छन् । देवीभागवत् पुराणमा नवरात्रमा भगवती देवीको उपासना घट स्थापना गरी गनुपर्ने उल्लेख छ (जोशी, २०७०) । नवरात्रमा घटस्थापना गरी घडामा देवीको आव्हान गरी उपासना गर्ने प्राचीन परम्पराको प्रमाण गोपालराजवंशावलीमा पाइन्छ । ने.सं. ४९५ मा *'नवरात्र श्रीपाडो टोटजुकाले अमावस्यास स्वंङ्गा दव'* अर्थात् प्रतिपदा तिथि टुट भएको कारण औंसीकै दिनमै घटस्थापना गरिएको वर्णन छ वज्राचार्य र मल्ल, १९८५) । यसबाट नेपाल मण्डलमा दशैंमा घटस्थापना गरी कलशमा देवीलाई आव्हान गरी तिनको उपासना गर्ने परम्परा प्राचीनकालदेखि नै रहदैं आएको पुष्टी हुन्छ । यसरी ब्रह्मादि देवतासहित मूल देवताको प्रतीक कलशमा आव्हान तथा स्थापना गरी विधिवत् होमादि सहित उपासना गरे पश्चात् विशेष अनुष्ठानका लागि आव्हान गरिएका देवताको विसर्जन गर्नु पर्ने विधान छ । घर र देवालयमा स्थापना गरिएका देवीदेवतालाई आव्हान गरी रहनु पर्दैन । तर निश्चित अनुष्ठानका निम्ति आव्हान गरिएका देवीदेवतालाई सदैव कलशमा राखी राख्न संभव हुँदैन । त्यसैले यिनको विधि पूर्वक विर्सजन गर्नु

पर्दछ । त्यसपश्चात् सोही कलशको जलले स्नान वा सेचन गरेपछि निश्चित अनुष्ठान समापन हुन्छ । यस्ता सिन्धु यज्ञरूपी जलले गरिने स्नान तथा सेचनको चर्चा शक्ल यजुर्वेद ८, ५९ मा गरिएको छ । यसै वेदको २०, २० मा जसरी खराउ लगाउँदा गोडा सुरक्षित हुन्छन्, छानेको घिउ शुद्ध हुन्छ, त्यसरी नै पूर्णकलशमा तीर्थरूपी सप्त समुन्द्र तथा आव्हान गरिएको देव रूपी अभिमन्त्रित जलले मानिसलाई शुद्ध र निष्पाप बनाउने उल्लेख छ उपाध्याय र पोखरेल, वि.सं. २०७२) । बास्तु निर्माणको क्रममा यजमानले कलशको स्थापना गरी बास्तुदेवको आव्हान गरेर हवनादि सम्पन्न गरेपश्चात् सो शान्ति कलशद्वारा स्नान गरेको, निर्माणाधीन बास्तुलाई स्नान गराएको तथा बास्तुको ब्रह्म स्थानमा पृथ्वीको पूजा गरी कलश राखेर त्यसमाथि बास्तु निर्माणको शिलान्यास गरेको वर्णन मध्यकालीन हस्तलिखित ग्रन्थहरूमा प्रसस्त पाइन्छन् (राष्ट्रिय अभिलेखालय, २०६९) यसो गरिएमा बास्तुदोष नलाग्ने, अनिष्ट तत्त्व भाग्ने, निर्माण कार्यमा वाधा नआउने र शुभ हुने विश्वास गरिन्छ ।

देवीदेवतालाई पञ्चामृत (दही, दूध, ध्यू, मह, सखर) आदिले स्नान गर्नुलाई पञ्चामृत स्नान भनिन्छ । दुर्भिक्ष्य, महामारी हटाइ शान्ति प्राप्तिका निम्ति तथा अभिलाषित फल प्राप्तिका निम्ति देवीदेवतालाई नित्य गरिने पञ्चामृत स्नान भन्दा वृहत्त रूपमा पञ्चामृतले भरिएका कलशहरूले स्नान गराउनुलाई महास्नान भनिन्छ । महास्नान गर्ने चलन नेपालमा अत्यन्त प्रचलित रहेको पाइन्छ । राजा अभय मल्लको पालामा महामारी दुर्भिक्ष्य हुँदा शान्तिको निम्ति पशुपतिनाथमा महास्नान गरिएको थियो (वज्राचार्य र मल्ल, १९८५) । राजा नृपेन्द्र मल्लको पालामा काजी सिंख्वाल प्रधान (मकै सुब्बा) ले पशुपतिनाथको चारै ढोकाका खम्बा र तोरण सुनको बनाई प्रचलनमा ल्याएको महास्नान गर्ने परम्परा हालसम्म पनि रही वर्षमा एक पटक गर्ने गरिन्छ । रणबहादुर शाहकी पत्नीले दुर्भिक्ष्य हटाउन पशुपतिनाथमा प्रत्यके महिनाको पूर्णिमा तिथिमा महास्नान गर्ने परम्परा चलाएकी थिइन्, जुन परम्परा हाल पनि कायमै छ । उक्त महास्नानमा भगवान पशुपतिनाथको नित्य पूजा पछि साँझ पुनः पूजा गरी हवन मण्डपमा हवनादि कार्यसहित संकल्प गरिएको २७/२७ पाथी दूध, दही, सखर/चिनी, ध्यू, महको घडाले पशुपतिनाथको महास्नान गरिन्छ (पोखरेल र खनाल, २०७७) । महास्नान गरिएमा महामारी, दुर्भिक्ष्य हट्ने विश्वास यद्धपि छ ।

## संस्कारमा पूर्णकलशको प्रयोग र अर्थ

मानिस जन्मदा मासुको पिण्डसमान हुन्छ, उसलाई समाजमा परिचित गराउने तथा सुसंस्कृत बनाउने काम संस्कारले गर्दछ । व्यवस्थित बसोबासको थालनी गरी आर्य सभ्यता र संस्कृतिको जरोको थालनी सिन्धुघाटी सभ्यताताका नै भइसकेको कुरा उत्खनन् गर्दा पाइएका विविध वस्तुले गर्दछन् । नित्य शुद्धिकरण तथा देवीदेवताको उपासनाका निम्ति निर्मित शुद्ध पानी प्रवाह गर्ने स्नानघर, देवीदेवताको चित्र अंकित शिल छाप, धार्मिक कार्य, अन्न भण्डारण तथा संस्कारका निम्ति निर्मित माटाका घडा तिनका महत्त्वपूर्ण उदाहरण हुन् । सिन्धुघाटी सभ्यतामा पाइएका घडाहरूमध्ये एक छिद्र सहितको कलशको चर्चा अग्रवालले गरेका छन्, जुन सहस्र जलधारा सहितको स्नानका निम्ति निर्माण गरिएको उनको भनाइ छ । यसै परम्पराको निरन्तरतास्वरूप वर्तमान समयमा पनि मूल नक्षत्रमा जन्मिएको बच्चालाई यस्तै कलशबाट स्थान गराइने परम्परा रहेको र यसलाई सत्ताइसा भनिने उनी बताउँछन् (अग्रवाल, १९७७) । वैदिक साहित्यमध्ये ऋग्वेदमा विवाह, अन्त्यष्ठि तथा गर्भाधान संस्कार सम्बन्धमा न्यून वर्णन पाइए पनि यजुर्वेद, सामवेद भने संस्कार सम्बन्धमा मौन छन् । अर्थववेदमा स्त्रीकर्मणी वा गर्भाधारण र गर्भवती नारीसँग सम्बन्धित संस्कारहरूको

बढी वर्णन छ (पाण्डे, १९९८)। ब्राह्मण साहित्य, उपनिषद्, धर्मसूत्र, महाकाव्य, पुराणहरू हुँदै संस्कारका सङ्ख्या बढ्दै गई कालन्तरमा षोडष संस्कार प्रमुख बन्न पुगेको पाइन्छ। वर्तमान समयमा यी संस्कारहरूमध्ये गर्भाधान अघि गरिने संस्कार प्रायः लुप्त भइसकेका छन्। जन्म पछि मृत्युसम्म गरिने संस्कार पनि कतिपय लोप भई निश्चित सङ्ख्यामा सिमित छन्। धार्मिक कार्यमा जस्तै हरेक संस्कार सम्पन्न गर्दा देवीदेवता तथा प्रकृति प्रती कृतज्ञता प्रकट गरी मानिसलाई परिस्कृत गर्न तिनको आव्हान, उपासना, हवनादि गरिने परम्परा छ। धार्मिक कार्यमा जस्तै यस्ता कार्यमा पनि अग्नी, जल तथा पूर्णकलश हरेक संस्कारमा आवश्यक मानिएको छ। नामाकरण, अन्नप्राशन, चुडाकर्म, उपनयन, विवाह, अन्त्यष्ठी आदि माङ्गलिक वा पितृ कार्यसँग सम्बन्धित संस्कारमा कलश आवश्यक छन्। तीमध्ये पनि पूर्णकलशको प्रमुख भूमिका रहेका केही संस्कारहरू छन्। षोडषसंस्कारमध्ये जातकर्म बच्चा जन्मिएपछि नाभी काट्नु अघि गरिने संस्कार हो। वर्तमान समयमा हराउँदै गइ न्यून रूपमा प्रचलित रहेको यस संस्कार अर्न्तगत शिशुलाई जन्म दिन तयार भएकी नारीलाई केही दिन अघि सुतिका गृहमा अलग्गै राखी देवीदेवताको आव्हान तथा उपासना गरी सुरक्षित मातृत्त्वको प्रार्थना गरिन्छ। उक्त समयमा सुतिका गृहमा केही वस्तुहरू राख्न अनिवार्य मानिएका छन्। यस्ता वस्तुहरूमा अग्नी, चमर, दिप, हतियार, सरस्यु र पूर्णघट हुनुपर्ने मार्कण्डेय पुराणमा उल्लेख छ। यी वस्तु नराखिएमा भूतप्रेत, राक्षस आदिले नवजात शिशुलाई आक्रमण गर्ने वा मार्ने सक्ने विश्वास गरिन्छ। त्यस्तै नाभी काटेर बच्चालाई स्नान गराएपश्चात् आमाको शिर नजिक पूर्णकलश राख्ने विधानको वर्णन छ, जसलाई अनिष्ठ तत्त्व हरण गरी आमा तथा बच्चाको संरक्षण गर्ने देवताको प्रतीकको रूपमा वर्णन गरिएको छ (पाण्डे १९९८)। उपनयन संस्कार गर्दा यज्ञ मण्डपमा पूर्णकलशको स्थापना गरी वैदिक विधिसहित हवनादि गरी सम्पन्न गरिन्छ। प्राचीन कालमा उपनयन संस्कार पछि वेदारम्भ गर्नु अघि पूर्णकलश स्थापना गरी पृथ्वी, अग्नी, अन्तरिक्ष, वायु आदिलाई आहुति दिई वेद अध्ययनको शुभारम्भ गर्ने चलन थियो। अर्कोतर्फ समावर्तन संस्कार पूर्णघडासँग सम्बन्धित महत्त्वपूर्ण संस्कार हो। हाल औपचारिक शिक्षा दिई स्नातकलाई दिक्षान्त समारोहद्वारा दिक्षित गरिने गरिन्छ। वटुकले वेदको अध्ययन गरे नै पनि समार्वतन् संस्कार गरी स्नातक पूर्ण गराउने चलन लोपभई सकेको छ। त्यसैले हाल बालकको उपनयन संस्कार गर्दा नै वेदारम्भ संस्कार अघि गरिने आहुती तथा विद्या आर्जनपश्चात् गरिने समार्वतन संस्कार वटुकको केश मुण्डन गरेपछि पूर्णकलशद्वारा तिनलाई स्नान गराइ सम्पन्न गरिने कुरा कर्मकाण्ड गराउने पण्डित आनन्द भट्टराई बताउँछन्। वास्तवमा समार्वतन संस्कार ब्रह्मचर्यमा बसी वेद अध्ययन समापन गरेका स्नातकलाई गृहस्थी जीवनमा फर्काउनु अघि गुरुकुलमा गरिने संस्कार हो, जसलाई व्रतस्नातक भनिन्छ। यसमा यज्ञ मण्डपमा राखिएको आठवटा पूर्णकलशले स्नातकको स्नान गरिन्थ्यो जुन विद्याको सागर पार गरी योग्य बनेका स्नातकलाई आठै दिशाद्वारा सम्मान प्रदान गरेको प्रतीक रहन्थ्यो (पाण्डे, १९९८)। त्यस्तै विवाह संस्कारमा पनि अग्नी, पूर्णकलश स्थापना गरी हवनादी गरी सम्पन्न गरिने विविध विधि छन्। तीमध्ये पूर्णकलशको जलधारासहित वर र कन्यालाई लक्ष्मी र विष्णुको प्रतीक मानी कन्यादान गर्ने विधि तथा स्थापित पूर्णकलशहरूमध्येको एकबाट कन्यालाई अभिषेक गरी तिनको शारीरमा रहेका विकार हटाइ विविध वाधाको मुक्तिको कामनासहित वैवाहिक जीवनका निम्ति सबल बनाइने विधान अझै प्रचलित छ। मत्यु संस्कारमा पनि घडा उतिकै आवश्यक देखिन्छ। मृत्युपश्चात् पितृलाई जल आवश्यक पर्ने मान्यता अनुरूप तेह्रौ दिनमा प्रेतघडा अर्थात् सुनको एक मूल घडा/कलश सहित ३६५ वटा माटाका घडामा जल भरेर दान गर्ने गरिन्छ। साथै मृतकको प्रत्येक तिथि मासिकमा तिनका नाममा जल तर्पण गरी पूर्णघडामा जल भरेर अन्न सहित ब्राह्मणलाई दान गर्ने परम्परा यद्धपि छ। नेपालमा रहेका विभिन्न जात जाती पिच्छे कलशका आकृति फरक फरक वा अगल ढङ्गबाट तिनको प्रयोग गरिए पनि कलश बिना कुनै पनि

संस्कार सम्पन्न हुँदैनन् । नेवार समुदायमा मानिसको दाह संस्कार पछि जीवनको समाप्तिको प्रतीक जलले भरिएको कलशमा प्वाल पारी खाली पारेर फुटाउने चलन छ (जोशी, २०७६) ।

## नेपाली कलामा पूर्णकलशको प्रयोग

नेपालमा श्री लक्ष्मीको प्रतिमामा पूर्णकलशले अभिषेक गरेको देखाउने चलन प्राचीन कालदेखिनै रहेको चर्चा पाटन च्यासल टोलको गजलक्ष्मी तथा आर्यघाटमा अवस्थित शेषशायी विष्णुको साथमा बसेकी लक्ष्मीको आधारमा माथि गरियो । हाल छाउनी राष्ट्रिय संग्रहालयमा रहेको अमृतघट वा पूर्णकलश प्राचीन पूर्णकलशको अद्वितीय उदाहरण मानिन्छ । यस पूर्णघटको माथि मानव शिर निर्माण गरिएको छ, जुन नागका फणाले रक्षित छन् । उक्त मानवका दुई हात छन्, जसमध्ये दायाँ हातमा मणि तथा बायाँ हातमा माला रहेको छ । चौथो शताब्दीको मानिएको यस्तो अमृतघट भारत वर्षमा समेत नपाइएको विरलै प्राप्त नमूनाको रूपमा रहेको वाङ्गदेलको भनाइ छ (वाङ्गदेल, २०३९) । पूर्णकलशलाई सृष्टिको प्रतीक, संवृद्धिको प्रतीक तथा श्रीलक्ष्मीको प्रतीकको रूपमा स्वतन्त्र रूपमा निर्माण गर्ने परम्परा भारतमा मौर्य कालदेखि नै थियो (अग्रवाल, १९७७: १५२) । त्यस्तै भारतवर्षमा लक्ष्मीका विभिन्न रूपमध्ये राज लक्ष्मी (राजदरबारमा स्थापित) राजघरानाद्वारा पूजिने लक्ष्मी तथा नगर लक्ष्मी अर्थात् नगरमा स्थापना गरी नगरका मानिसहरूले पूज्ने गरिएकी लक्ष्मी (स्वतन्त्र पूर्णकलश) बारेमा वर्णन छ (उपाध्याय, १९७०) । काठमाडौं उपत्यकामा पनि यस्ता स्वतन्त्र रूपमा स्थापना गरिएकी श्री लक्ष्मीकी प्रतीक पूर्णकलश लिच्छविकालमा निकै बनेका थिए । पाटन, हाँडीगाउँ, इन्द्रचोक, थं बहिल लगायत उपत्यकाका प्राचीन नगरमा यस्ता पूर्णकलशहरू प्रसस्त पाइएका छन् । बस्ती बढ्दै गएपछि टोल टोलमा मङ्गलका निम्ति तथा माङ्गलिक कार्यमा उपासनाका निम्ति गणेशको स्थापना भए जस्तै प्राचीन नगरको संवृद्धिका निम्ति पूर्णकलश स्थापना गरिएको देखिन्छ । स्तम्भ वा वेदी माथि वा स्वतन्त्र रूपमा स्थापना गरिएको पाइने यस्ता पूर्णकलशलाई फूल, पात, लहरा आदिले सिङ्गारिएको पाइन्छ । उपत्यकाका केही बस्तीको नाम नै पूर्णघटबाट रहन गएको पाइन्छ । श्रीघ, न्हुँघ, वंघल, टेघल, किलाघल आदि । यी स्थानको सम्बन्ध त्यहा स्थापित घडासँगै जोडिएका छन् । श्रीघ, वंघ, न्हुँघमा पाँच घडा एकै साथमा छन् । श्रीघ विहारमा अवस्थित घडा सजिलैसँग हेर्न पाइन्न । तर इन्द्रचोकको पूर्व पोते बजार सामुन्ने भित्री चोकमा अवस्थित वंघमा प्रस्तरका तीन पूर्णकलश छन् । इन्द्रचोकमा अवस्थित आकाश भैरवको विशेष उपासना गर्दा वंघका कलशहरूको पनि पूजा गर्ने चलन छ, यसले यी घडाहरूको प्राचीनतालाई स्पष्ट गर्दछ । अर्को तर्फ जैशीदेवलको पूर्वमा छत्रचण्डेश्वरको मूर्ति नजिक न्हुँघ अर्थात् नयाँ घडाहरू छन्, जसलाई जनबोलीमा नघल भनिन्छ । वेदी माथि फूलपात सहित तीन पूर्णकलश स्थापना गरिएका छन् । संस्कृतिविद् हरिराम जोशी ज्यूले इन्द्रचोक एवम् नघलका घडाहरूलाई उत्तर लिच्छविकालीन घडा मान्नु भएको छ (जोशी, २०७६) । प्रस्तरका घडामा घाम पानीका कारण उक्किएका लिच्छविकालीन लेपले यस कुरालाई थप पुष्टि गर्दछ । चोभारस्थित जल विनायक मन्दिर प्राङ्गणमा कलात्मक पूर्णकलश स्थापना गरिएको छ । उक्त पूर्णकलश उत्तर लिच्छविकालीन मानिएको छ । नेपाल मण्डलमा तलेजु देवीको आगमन राजा हरिसिंहदेवको पालामा सिम्रौनगढबाट भएको हो । देवलदेवीद्वारा भक्तपुरमा स्थापना गरिएकी तलेजु मल्लकालीन शासकहरूको इष्ट देवी बनिन् । नेपाल मण्डल टुक्रिएर तीन भागमा विभक्त हुँदा तलेजु पनि कान्तिपुर तथा पाटनमा छुट्टा छुट्टै भव्य मन्दिर तथा आगम घरसहित स्थापित भयो । तलेजुको उपासना गोप्य विधिले हुँदै आएको पाइन्छ । मन्दिरमा उनी मूर्तस्वरूप नभई कलश स्वरूपमा स्थापना भएको मान्यता छ (अमात्य, २०३६) । दक्षपुत्री सतिदेवीको

गुह्य पतन भई गुह्येश्वरी पीठको उत्पत्ति भएको कुरा गुह्येश्वरी महात्म्यमा वर्णन छ । आदिकालमा नेपाल उपत्यकामा श्लेषमान्तक बनमा भृङ्गारेश्वर भगवान प्रार्दुभाव भएको र त्यही बनमा श्री भृङ्गारेश्वरी भट्टारिकाले विहार गरिरहेको बेला पशुपतिनाथ पत्ता लागेको वर्णन गोपालराजवंशावलीमा छ (वज्राचार्य र मल्ल, १९८५) । भृङ्गार शब्दको अर्थ सुनको कलश हुन्छ । त्यस्तो कलशमा प्रतिष्ठित देवी हुनाले उनलाई भृङ्गारेश्वरी वा गुह्येश्वरी भनिएको विचार विद्वानहरूको रहेको छ (रेग्मी, २०५३) । भाषा वंशावलीमा नरसिंह ठाकुरले पत्ता लगाइ गुह्येश्वरी कुण्ड निर्माण गरेकोमा कालन्तरमा सो विग्रिन गएको थियो । यसै कारण कान्तिपुरका राजा प्रताप मल्लले लम्बकर्ण भट्टसँग मतो गरी ने.सं. ७७४ मा फलामको दलिन बनाई ईश्वरीको उक्त जल कुण्ड ज्वालालाई ढाकेर अष्टदलपद्म रूपी यन्त्र र भैरव स्थापना गरी कुण्डमा स्फटिकको कलश राखेर नित्य नैमित्यिक पूजा गर्ने चलन चलाएको वर्णन छ (लम्साल, २०२३) । गुह्येश्वरी पीठमा पूर्णकलश नै प्रमुख उपासना तत्त्व हो । हाल पनि गुह्येश्वरी पीठमा बिहान चाँदीको कलश, नित्य पूजाको समयमा सुवर्ण कलश र स्फटिकको कलश (प्रताप मल्ल कालीन), दिन भर चाँदीको कलश तथा साँझको आरती सकिएपछि प्रस्तरको कलश राखिने चलन छ। प्राचीनकालमै स्थापना भएको मानिएको उपत्यकाको पश्चिममा अवस्थित पुरानो गुह्येश्वरी मन्दिरमा पनि गुह्येश्वरीको प्रतीक प्रस्तर शिलाको पूर्णकलश रहेको छ। भक्तपुर सिद्धपोखरीको पश्चिम तथा उत्तरतर्फ गुह्येश्वरीको प्रतीक कलश तथा सँगै भैरवका प्रतीक पीठ रहेका छन्, जसलाई भक्तपुरबासीहरू अन्यत्र समयमा तथा सम्बन्धित परिवारका मानिसहरू तिनलाई कुल देवताका रूपमा दिगु देवाली) अर्थात् अक्षय तृतियादेखि सिठि नखः भित्र पूजा गर्दछन् । भक्तपुर राजदरबार प्राङ्गणमा च्यासिं देवलको दक्षिणतर्फ वत्सलादेवीको शिखर शैलीको भव्य मन्दिर छ । यस मन्दिरको निर्माण राजा रणजीत मल्लले गरेका थिए । वत्सला पार्वतीको वात्सल्य स्वरूप हो । वत्सलालाई मूर्तिकलामा मूर्त रूपमा, यन्त्रवत् रूपमा तथा पूर्णकलशको रूपमा अंकित गर्ने चलन छ। भक्तपुरको पच्पन्न झ्याले दरबारको पूर्वमा अवस्थित वत्सला मन्दिर तथा पशुपतिनाथ आर्यघाटमा अवस्थित वत्सला मन्दिरमा वत्सला देवी यन्त्राकार रूपमा स्थापित छन् । भक्तपुरको यस मन्दिरमा भने वत्सलालाई कलात्मक वेदीमाथि पूर्णकलशको रूपमा स्थापना गरिएको छ। त्यस्तै अन्नपूर्णदेवी भगवान शिवको शक्तिरूपा महामायाको एक रूप हो। हातमा अन्नले भरिएको कलश लिएकी ने.सं. ७९३ को अभिलेख सहितको अन्नपूर्णा देवीको मूर्ति पशुपतिनाथ मन्दिरको उत्तरमा ठूलो त्रिशूल सामुन्ने रहेको छ। अन्नले भरिएको कलशलाई अन्नपूर्ण भनिन्छ। यिनलाई श्री लक्ष्मी, धनधान्य तथा पूर्णताको प्रतीक मानिन्छ। काठमाडौंको असन टोलमा अन्नपूर्णको मन्दिर छ। यहाँ मूर्त रूपमा देवीको स्थापना नभई धनधान्य तथा पूर्णताको प्रतीक अन्नले भरिपूर्ण चाँदीको भव्य कलश स्थापना गरिएको छ। असनको माझमा रहेकी देवीको श्रद्धा भक्तिले दैनिक हिड्ने लाखौं भक्तले दर्शन गर्दछन्। धान्यपूर्णिमा, लक्ष्मी पूजाका दिन यिनको विशेष पूजा गरिन्छ। यी पूर्णकलशमा अंकित रूप देवीका अव्यक्त स्वरूप हुन् ।

हाम्रा कतिपय देवीदेवताको चिन्ह वा आयुध नै कलश रहेका छन् । देउपाटनस्थित जयवागेश्वरी मन्दिरको उत्तरमा धन्वन्तरीको सानो देवल छ। देवलमा आयुर्वेदका प्रवर्तत धन्वतरीको प्रतिमा रहेको छ। यिनले दुई हातमा शंख र चक्र तथा अन्य दुई हातमा अमृतघट लिएका छन् । पाटन कुम्भेश्वरस्थित कोन्ति हिटीमा हातमा मृत्युञ्जयको प्रतीक अमृतघट लिएका उमा महेश्वरको प्रतिमा रहेको छ। शिवलाई मृत्युञ्जय स्वरूपमा देखाइएको विरलै पाइने मूर्तिमध्येको यो एक हो ।

नेपालमा शिवलिङ्ग साधा वा एकमुखे वा चर्तुमुखी निर्माण गरिएको पाइन्छ । शिवलिङ्गमा शिवको एक वा

चर्तुमुख निर्माण गर्दा चारै तर्फका मुखाकृतिले हातमा धारण गर्नुपर्ने आयुधबारे विष्णुधर्मोत्तरपुराण, रूपमण्डन, शिवपुराण आदि ग्रन्थहरूमा विधान तोकिएका छन् । तर नेपालका अधिकाशं शिवलिङ्गमा भने ती विधान भन्दा भिन्न शिवका दुई हातमध्ये एकमा रुद्राक्ष माला र अर्कोमा पूर्णघट देखाउने चलन छ । यो नेपालको मौलिक शैली हो । यसरी शिव बाहेक वरुणदेव, गङ्गा, यमुना, वासुदेवकमलाज, वैरोचन बुद्ध, बसुन्धरा आदि देवीदेवताको प्रतिमामा तिनको हातको शोभा पूर्णकलश बनेको पाइन्छ । ऋषि अगत्स्य कुम्भबाट उत्पन्न हुँदा कलशलाई अगत्स्यको जननी मानिन्छ । कुम्भ माथि आसन जमाई बसेका उनको प्रतिमा कतिपय ढुङ्गेधारा वा जलस्रोतमा स्थापना गरिएका छन् । भक्तपुरमा अवस्थित छिन्नमस्ता, बगलामुखी आदि दशमहाविद्याका शक्ति पीठहरूमा तिनका अमूर्त प्रतीक पूर्णकलशको आकृति कुँदिएका छन् । सुर्खेतको काक्रे विहार कर्णाली प्रदेशका राजा अशोक चल्लले निर्माण गरेको मानिन्छ । उक्त विहार बौद्ध धर्मसँग सम्बन्धित कलात्मक मूर्तिकलाको उत्कृष्ट संयोजनबाट बनेको छ । यहाँ बौद्ध जातक कथामा आधारित प्रतिमाका साथै विविध बौद्ध प्रतिमा कँदिएका छन् । राजा शुभमित्तको मध्यपान प्रतीको मोहका कारण स्वर्गका राजा शकले उनलाई मद्य प्रतीको तृष्णाबाट मुक्त गराउन ब्राह्मणको भेष धारण गरी हातमा सुराले भरिएको घडा लिई बेच्ने बहानामा आए । लामो सम्वाद पश्चात् अन्तिममा शक सोही पूर्णघडाबाट उत्पन्न भइ राजा शुभमित्तलाई ज्ञान दिई तिनलाई नशाको लतबाट छुटाएका थिए (नागर, १९९३) । यसै कथामा आधारित राजा शक शुभमित्तका अघिल्तिर मद्यको घडाबाट उत्पन्न भएको सुन्दर प्रतिमा विहारको बाहिरी भित्तामा अंकित गरिएको छ । यस बाहेक पूर्णकलश मठ, मन्दिर, राजदरबारका झ्याल, ढोकाका खापा, द्वार पखेंटा, खम्बा, तोरण आदि बास्तुकलाको अलंकरणका रूपमा रहेका छन् । बास्तुकलामा यिनलाई पवित्रता साथै संवृद्धताको मानिन्छ । शिखर शैलीका मन्दिरमा राखिने गजुरलाई पूर्णकुम्भसँग तलना गरिएको छ । मकरलाई समुन्द्राधि पती वरुण तथा नदीहरूकी देवी गङ्गाको प्रतीक मानिन्छ । पूर्णकुम्भले यिनलाई समेट्ने हुँदा मकरले पूर्णकलशलाई पनि संबोधन गर्दछ (अग्रवाल, १९७७) । बास्तुकलाका विशेष गरी तोरणमा प्रतिबिम्बित गरिने मकर पूर्णकलशको अर्थमा मन्दिर, देवल, विहार प्रवेश गर्ने मानवलाई पवित्र एवम् शुद्ध बनाउने बोधक मानिन्छन् ।

## जात्रापर्वमा देवीदेवताका प्रतीक पूर्णकलशको प्रयोग

नेपाल पर्व र जात्राको घर हो । यहाँ दिनै पिच्छे अनगिन्ती जात्रापर्व मनाइन्छन् । अधिकाशं जात्रापर्वमा मन्दिरमा अवस्थित देवीदेवताका प्रतीक मूर्तिलाई खटमा राखेर वा बोकेर जात्रा गर्ने चलन छ । तर नेपाल मण्डलका केही जात्रामा पूर्णकलशको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । कतिपयमा भने पूर्णकलश नै सम्बन्धित देवीदेवताका प्रतीकका रूपमा जात्रा गरिने परम्परा छ । प्राचीनकालमा नेपालमा अनाविष्टी हुँदा राजा नरेन्द्रदेव, बधुदन्त आचार्य, तथा एक ज्यापु कर्कोटक नाग सहित सहकालका प्रतीक मच्छेन्द्रनाथलाई लिन आसामको कामारुकामाक्ष पुगे । बधुदत्तले आफ्नो मन्त्रबलले मच्छेन्द्रनाथलाई भ्रमराको रूपमा कलशमा प्रवेश गराइ काठमाडौं उपत्यकामा ल्याएपश्चात् यहाँ वर्षा भयो । खुसीयालीमा राजा नरेन्द्रदेवले मच्छिन्द्रनाथलाई बुङ्गमतीमा स्थापना गरी प्रत्येक वर्ष तिनको रथजात्रा गर्ने परम्परा चलाएका थिए (लम्साल, २०२३) । यसैको प्रतीक हरेक वर्ष मच्छेन्द्रनाथको रथजात्रा गर्ने क्रममा मच्छेन्द्रनाथलाई भ्रमराको रूपमा कलशमा प्रवेश गराइ दशकर्म समापन गरी रथारोहण गर्ने चलन छ । मच्छिन्द्रनाथको रथजात्राको क्रममा चैत्र शुक्ल पूर्णिमाको दिन पाटन लगनखेलमा सम्पन्न गरिने मीननाथको महास्नानमा विधिवत मण्डपको चार दिशामा चाँदीको पूर्णकलश स्थापना गरिन्छ । स्नान गराउने साइत भएपछि गुरुजु पल्टनको सलामीसहित एकै पटक चारै दिशाका

कलशको जलले लोकेश्वरको स्नान गरिन्छ । त्यस वखत जुन दिशाको पूर्णकलशको जल पहिले उनलाई चढाइन्छ, सो दिशामा उक्त साल अन्न बाली अत्यन्त राम्रो हुन्छ भन्ने विश्वास छ । मार्गकृष्ण अष्टमीका दिन हनुमानढोका राजदरबारको तलेजुका पूजारी गुह्येश्वरी देवीलाई जात्राको निमन्त्रणा दिन देउपाटनस्थित गुह्येश्वरी पीठ पुग्दछन् । यस जात्राको थालनी राजा जगज्जय मल्लले ने.सं. ८४८ मा गरेका थिए (राजवंशी, २०१७) । भोलिपल्ट नवमीका दिन गुह्येश्वरीका पूजारी, कर्माचार्य, खड्गी, डङ्गोल मिलेर हनुमानढोका गई गुह्येश्वरीको प्रतीक चाँदीको कलश तथा भैरवको प्रतिमूर्ति खटमा राखी असन, कमलाछी, हात्तीसार, कालोपुल हुँदै जात्रा गरी गुह्येश्वरी पीठमा ल्याउँछन् । देवीको खट सहित खोला (पुल) तर्न हुन्न भन्ने मान्यता अनुरूप हाल पनि जात्रा खोलैबाट लग्ने चलन छ । उक्त दिन तथा रातभर पञ्चबली सहितको गुह्येश्वरीको भव्य पूजा गरिन्छ र भोलिपल्ट दशमीको दिन पनि दिनभर पूजा चल्दछ । साँझ हनुमानढोकाका पूजारी आई विर्सजन पूजा गरेपश्चात् गुह्येश्वरीको कलशसहितको खटलाई पशुपतिनाथ मन्दिर पुर्याइ त्यहाँबाट हनुमानढोका फिर्ता ल्याइन्छ । एकादशीको दिन हनुमानढोकाको पश्चिमी द्वारमा लोकको पूजाका लागि दिनभर गुह्येश्वरीको कलश राखी भोलिपल्ट विसर्जन गर्ने परम्परा छ (पोखरेल र खनाल, २०७७) । चाँगुनारायणस्थित मन्दिरमा गरुडासन विष्णुको मूर्ति स्थापना गरिएको छ । उनका दायाँ बायाँ लक्ष्मी तथा सरस्वतीका प्रतिमा छन् । चाँगुनारायणको स्थापना राजा हरिदत्त वर्माद्वारा गरिएको वर्णन गोपालराजवंशावलीमा छ । वर्षको दुईपटक चाँगुनारायणको प्रतीक कलशलाई चाँगुबाट हनुमानढोका राजदरबार ल्याउने चलन छ । मध्यकालमा दूधे कर्कलोका कारण महामारी फैलिए पछि चाँगुनारायणले राजा पुष्पदेवलाई सपनामा अह्राए बमोजिम राजाले चाँगुनारायणलाई दूधे कर्कलो चढाएपश्चात् महामारी नियन्त्रणमा आयो । राजा खुसी भई चाँगुनारायण, लक्ष्मी तथा सरस्वतीको प्रतीक चाँदीका तीन कलश हनुमानढोका राजदरबार ल्याउने चलन चलाएको वर्णन गोपालराजवंशावलीमा छ (वज्राचार्य र मल्ल, १९८५) । त्यस्तै कलियुगको शुरुवात हुन लागेका कारण चाँगुनारायणले चाँगु क्षेत्र छोडी हिमालय जाने निधो गरेर अन्तिम पटक हनुमानढोका राजदरबारमा राजासँग बिदा माग्न जान लाग्दा सो कुरा तलेजुले थाहा पाई काठमाडौंका राजालाई खबर गरिन् । साथै उनले चाँगुनारायण हनुमानढोका आउने क्रममा बाटोमा भाँडा फुटाई उनलाई कुसाइत देखाई हिमालयतर्फ जानबाट रोक्नसमेत अह्राईन् । राजाको आज्ञाअनुसार चाँगुनारायण राजालाई हनुमानढोकामा भेट्न आउदा बाटामा ठाउँ ठाउँमा माटाका भाँडा फुटाइयो । यस्तो दृश्य देखी चाँगुनारायण कुसाइत पर्यो भनी हिमालय तर्फ नगई चाँगु नै फर्केको किंवदन्ती पाइन्छ (खनाल, २०४०) । यिनै घटनाहरूको प्रतीक वर्षको दुई पटक श्रावन तथा पौष महिनामा चाँगुनारायण तथा उनकी शक्तिहरूको प्रतीक चाँदीका तीन कलश राजोपाध्याय तथा भँडेलहरूले बोकेर हनुमानढोका राजदरबार ल्याउने गर्दछन् । हनुमानढोकाको पूजारी रानीपोखरीसम्म गएर कलशलाई स्वागत गरेर ल्याई विधिवत् दरबारमा भित्राएर भव्य पूजा गर्दछन् । पूजा पश्चात् उक्त कलशहरू राष्ट्रपति निवासमा लगी छाया दर्शन गराइ कलशलाई पुनः रातमा चाँगुनारायण नै फिर्ता लैजाने चलन छ । पौष महिनामा गरिने चाँगुको कलश यात्रामा भने नारायणलाई हिमालय जान रोक्न कुसाइत गराइने प्रतीक हनुमानढोका राजदरबार ल्याउने क्रममा सिफल, इन्द्रचोक, मखन आदि ठाउँमा माटाका भाँडा फुटाउने गरिन्छ । यसरी पूर्णकलश कतिपय जात्रामा देवीदेवताका प्रतीक रहेका छन्

## नेपाली लोक जीवनमा पूर्णकलशको स्थान

पूर्ण कलशलाई माङ्गलिक चिन्ह मानिन्छ । भारत वर्षमा प्राचीन कालमै माङ्गलिक चिन्हका रूपमा निश्चित चिन्ह प्रचलनमा आएका थिए । सुङ्गकालमा निर्मित साँचीको स्तूपको उत्तरी तोरणमा दुई माङ्गलिक माला

अंकित गरिएका छन् । जसमध्ये एकमा एघार मङ्गल चिन्ह (आवर्त, पुष्प, पद्म, अंकुश, वैजयन्ती, पंकज त्रीरत्न, मीन युगल, श्रीवत्स, परशु, खड्ग, कमल) तथा अर्कोमा तेह्र माङ्गलिक चिन्ह (माथि उल्लिखित सहित कल्प वृक्ष, दर्पण) अंकित छन् (अग्रवाल, १९७७) । कुषाणकालसम्म आइपुग्दा दिगम्बर शाखामा भृङ्गार, पूर्णकलश, दर्पण, चामर, ध्वज, व्यजन, छत्र, सुप्रतिष्ठ अष्टमङ्गल चिन्हका रूपमा निश्चित भए, जुन प्रथम शताब्दीको मथुरामा प्राप्त जैन आयागपट्टमा अंकित गरिएको छ (उपाध्याय, १९७०) । यसै गरी स्वस्तिक, श्रीवत्स, चक्र, वृक्ष, त्रीरत्न, शंख, पूर्णकलश जस्ता मङ्गल चिन्हसँग पुराणमा जोडिएका अनेक कथाका कारण पछिल्लो कालमा यी चिन्हहरू धर्म, कलाका साथै लोक समाजका अभिन्न अङ्ग बन्न पुगे । अष्टमङ्गल चिन्ह भन्नाले छत्र, ध्वज, शंख, श्रीवत्स, पूर्णकलश, मत्स्य, पद्म तथा चक्र हुन् । हिन्दू साथै बौद्ध धर्म र संस्कृतिमा यिनको अत्यन्त महत्त्व छ। मन्दिर, विहार, चैत्य, दरबार, निजि आवास आदिमा यिनलाई मङ्गल चिन्हका रूपमा अंकित गरिएको पाइन्छ । काठमाडौं उपत्यकाका तीनै दरबारमा दलानका खाँबोहरूमा कलशका आकृति कुँदिएका छन् । विवाहमा दुलाहा अन्माउँदा, दुलही भित्र्याउँदा, बालकलाई पहिलो पल्ट घरबाहिर लैजादा, परदेश वा दुर यात्रा गर्दा मूल द्वारमा मङ्गलको प्रतीक पूर्णकलश राख्ने गरिन्छ । नयाँ आवास गृह निर्माण गरी पहिलो पटक गृह प्रवेश गर्दा मूल द्वारमा पूर्णकलश थापना गरी हातमा पूर्णकलश लिएकी कन्यालाई अघि लगाई घरका सदस्यहरू गृह प्रवेश गर्ने चलन छ । यसले शुभ साइत हुने तथा अमङ्गल हटी मङ्गल हुने विश्वास गरिन्छ । माङ्गलिक कार्यमा जस्तै गृहमा पूर्णकलशको स्थापना सधैं सम्भव नहुने हुँदा घरको मूल द्वारको खापामा अष्टमङ्गलको चिन्ह वा मङ्गलको प्रतीक पूर्णकलशको आकृति खोप्ने चलन छ । यो पनि संभव नभए पूर्णकलशको आकृति युक्त चित्र अंकित गरिन्छ । बिहान सबेरै उठेपश्चात् पूर्णकलशको दृश्यलाई सो दिनको सफलताको संकेत मानिन्छ । घरबाट बाहिर जाँदा पूर्णकलशको संयोग कार्य वा लक्ष्यको सफलताको संकेत तथा रित्तो कलशले साइत नपर्ने वा काम नबन्ने संकेत गर्ने लोक विश्वास आधुनिक समाजमा त्यति कट्टर नरहे पनि हट्न भने सकेको छैन । जङ्गबहादुर राणा बेलायत भ्रमणमा जाँदा यात्रा भर शुभ साइतका निम्ति मानिसहरूलाई जलले भरिएको गाग्रो बोकाएर अघि लगाई यात्रा गरेको कुराको इतिहास साक्षी छ ।

## छलफल तथा निष्कर्ष

प्रागएतिहासिक कालदेखि घडाको प्रयोग भई सिन्धुसभ्यतामा देवीदेवताको उपासना, संस्कार, जल तथा अन्न भण्डारका लागि घडाको प्रयोग भएको पुष्टि हुन्छ । वैदिक साहित्यमा जल तथा सोमले भरिएका कलश देवीदेवताको प्रतीक वा तिनलाई आव्हान गर्ने माध्यम रही सोको निरन्तरता स्वरूप युगौं युग हुँदै पछिल्लो कालसम्म निरन्तरा पाएको देखिन्छ । वेद, उपनिषद्, पुराणमा मानिसलाई ब्रह्मरूपी महाकुम्भको अंश पूर्णकुम्भ र नारीको गर्भलाई पूर्णकुम्भसँत तुलना गरिएबाट मानव शरीर देवरूपी पूर्णकलशको प्रतीक रहेको देखिन्छ । पूर्णकलश श्रीलक्ष्मी, अमृत तत्त्व, पूर्णता, संवृद्धिको प्रतीक रहेको कारण नेपालमा प्राचीनकालदेखि कै लक्ष्मी, विष्णुकाका साथै तथा स्वतन्त्र रूपमा अंकित गरिएका पाइन्छन् । यो क्रम लिच्छविकाल हुँदै मध्यकालसम्म पनि रहेको प्रमाण अभिलेख, मुद्राका साथै टोल टोलमा पूर्णकलश स्थापना गरी उपासना गरिएबाट बुझिन्छ । पूर्वमध्यकालमा बास्तु निर्माण गर्दा कलशको आव्हान, अर्चना गरी अन्तिममा गरिने जलस्नान, जलोत्सर्गका प्रमाणहरूले बास्तुनिर्माण विधिमा कलशको स्थापना, कलशर्चान प्राचीनकालदेखि नै रही सोही क्रम मध्यकाल र पछिल्लो कालमा पनि निरन्तर चलेको कुरा हस्तलिखित ग्रन्थहरूले प्रकट गर्दछन् । घर घरमा गरिने नित्य पूजा, नैमित्यिक पूजा एवम् माङ्गलिक कार्यमा कलश स्थापना गरी गरिने उपासना तथा विशेष पर्व, अनुष्ठानमा कलशमा देवताको आव्हान गरी गरिने उपासनाले पूर्णरकलश सम्पूर्ण

देवी देवतासहितको आवास गृह रही प्रत्येक नेपालीले हरेक दिन ब्रह्माण्डको उपासना कलशमा गरी रहेको बोध हुन्छ । कलशको स्थापना गरी प्रकृति साथै अनेक देवताको आव्हान गरी गरिने संस्कार तथा दुर्भिक्ष आदिको समनका निम्ति कलशको संकल्प गरी गरिने देवीदेवीको महास्नानबाट पूर्ण कलश आदिदैविक, आदिभौतिक तथा अनिष्ठ तत्त्वको नाशक रही मानवलाई संस्कारित तथा संरक्षक गर्ने महाअमृत तत्त्व रहेको देखिन्छ । तलेजु, गुह्येश्वरी, वत्सलेश्वरी, अन्नपूर्ण आदि देवीदेवता पूर्णकलशका रूपमा स्थापना भई उपासना गरिनु तथा गुह्येश्वरी, चाँगुनारायण आदि जात्रामा पूर्णकलश नै मूल देवताका रूपमा यात्रा गराइनुले पूर्णकलश आव्हान गरिएका देवीदेवताका प्रतीक मात्र नभई निश्चित देवी-देवताका साक्षात् अव्यक्त मूर्त स्वरूप रहेको देखिन्छ । त्यस्तै लक्ष्मी, बसुन्धरा, धन्वन्तरी, वैरोचन बुद्ध आदि देवीदेवताले हातमा धारण गरेका पूर्णकलश रूपी आयुध श्री, संवृद्धि, पूर्णता, अमरत्त्व र अमृत तत्त्वको बोधक रही ती धारक देवताको उपासनाले मानिसलाई यी सम्पूर्ण फल प्रदान गरिरहेको बुझिन्छ । साथै अष्टमङ्गलमध्येको पूर्णकलशले मानिसको धर्म, संस्कृतिका साथै लोक जीवनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । यी माङ्गलिक सूचकका रूपमा मूल द्वारमा स्थापना गरिन्छन् । यात्रा गर्दा पूर्णकलशको संजोग लक्ष्य, कार्य पूर्णताको संकेत तथा रित्तोले साईत नपर्ने मान्यता मात्र नभई यर्थाथ मान्ने गरिन्छ ।

यसरी श्री लक्ष्मी, पूर्णता, संवृद्धि, धनधान्य, अमरत्त्व, सृष्टि, शुद्ध, पवित्र तत्त्व, ऐश्वर्य प्रदान गर्ने, पवित्र गराउने, दुर्भिक्ष्यादि हटाउने आदि तत्त्वको रूपमा पूर्णकलश नेपाली संस्कृतिको नित्य, नैमित्यिक रूपमा गरिने उपासनाका विभिन्न स्वरूपमा आव्हानित देवताका रूपमा, संस्कार गर्दा पवित्र परिस्कृत गर्ने तत्त्वको रूपमा, देवलमा स्थापित देवताको रूपमा, जात्रा पर्वको रूपमा, मङ्गल प्रदाय तत्त्वको रूपमा नेपाली संस्कृति र संस्कारको अभिन्न अङ्गको रूपमा रहेको पुष्टि हुन्छ ।



चाँगुबाट चाँगुनारायण, लक्ष्मी तथा सरस्वतीको प्रतीक हनुमानढोका राजदरबारमा लैजानका लागि कलश यात्रा गरी ल्याइएका तीन पूर्णकलश (रानी पोखरी) ।



इन्द्रचोक आकाश भैरव मन्दिर पूर्व पोते वजारको भित्री चोकमा अवस्थित वंघ (प्रस्तरका तीन पूर्णकलश)।

## सन्दर्भ सामग्री


अग्रवाल, बासदेवशरण. (१९७७). *भारतीय कला.* वाराणसीः पृथ्वी प्रकाशन ।

उपाध्याय, राधारमण र पोखरेल, ऋषिराम. (२०७२). *शुक्ल यजुर्वेद.* काठमाडौंः प्रज्ञा प्रतिष्ठान ।

उपाध्याय, बासुदेव. (१९७०). *प्राचीन भारतीय मूर्ति विज्ञान.* वाराणसीः चौखम्बा संस्कृत सीरिज अफिस ।

अमात्य, साफल्य. (२०३६). *नेपालमा पुरातत्त्व.* काठमाडौंः साझा प्रकाशन ।

खनाल, मोहन प्रसाद. (२०४०). *चाँगुनारायणको एतिहासिक सामग्री.* कीर्तिपुरः नेपाल तथा एशियाली अनुसन्धान केन्द्र ।

जोशी, हरिराम. (२०३०). *नेपालको प्राचीन अभिलेख.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, हरिराम. (२०३३). *उत्तरप्राचीन कालीन मुद्रा.* काठमाडौंः साझा प्रकाशन ।

जोशी. हरिराम. (२०७०). *अभिनव संस्कृति विश्वकोष.* भक्तपुरः वर्कर्स् पब्लिकेसन ।

दीप, धुव्र कृष्ण. (२०५२). *हाम्रो संस्कृति हाम्रो ढुकुटी.* ललितपुरः साझा प्रकाशन ।

पाण्डेय, राजबहादुर. (१९९६). *अथर्ववेद.* दिल्लीः डायमण्ड पाकेट बुक ।

पोखरेल, निर्मला र खनाल, सन्ध्या. (२०७७). *पाशुपत क्षेत्रको साँस्कृतिक सम्पदा. मूर्त र अमूर्त.* काठमाडौंः पशुपति क्षेत्र विकास कोष ।

पौड्याल, वीणा. (२०५७). *नेपाली मूर्तिकला र चित्रकला.* कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग ।

*मत्स्यपुराण*. (२०७०). गोरखपुरः गीताप्रेस ।

राजवंशी, शंकरमान. (२०१७). *कान्तिपुर शिलालेख सूची*. काठमाडौंः पुरातत्त्व विभाग ।

राणा, भवानसिंह. (मिती नभएको). *१०८ उपनिषद्*. भाग १. दिल्लीः डायमण्ड पाकेट बुक ।

राष्ट्रिय अभिलेखायल. (२०६९). *वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्ययन*. काठमाडौंः राष्ट्रिय अभिलेखालय ।

रेग्मी, जगदीशचन्द्र. (२०५३). *पशुपति गुह्येश्वरी महात्म्य*. काठमाडौंः नइ प्रकाशन ।

लम्साल, देवीप्रसाद. (२०२३). *भाषा वंशावली*. (द्वितीय भाग). काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय ।

लुइटेल, तिलकप्रसाद. (अनु.). (२०७६). *ऋग्वेद*. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

वज्राचार्य, धनवज्र. (२०३०). *लिच्छविकालका अभिलेख*. काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र. (२०६८). *पूर्वमध्यकालका अभिलेख*. काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

*वराहपुराण*. (२०७३). गोरखपुर गीताप्रेस ।

वाङ्गदेल, लैनसिंह. (२०३९). *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*. काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शास्त्री, मायाप्रसाद. (२००५). *नित्यकर्म विधि*. वाराणसीः ठाकुरदास सुरेका ।

Dandekar, R. N. (1979). *Vedic Mythological Tracts*. Delhi: Ajanta Publications.

Nagar, Santilal. (1993). J*ataka in Indian Art*. Delhi: Parimal Publications.

Pandey, Rajbali. (1998). *Hindu Sanskaras*. Delhi: Motilal Banarsidas Publishers.

Sengupta, Amit. www. youtube. Harappa Civilization Pottery-Art History. Nov. 21, 2016.

Sircar, D. C. (1965). Selected Inscriptions. Calcutta: Calcutta University.

Vajracharya, Dhanabajra and Malla, Kamal Prakash. (1985). The Gopalrajvamsabali. Kathmandu: Nepal Research Centre.